बैठक नं. : १४/२०८२/०८३

स्थान : नगरकार्यपालिका हल

मिति : २०८३/०३/१० गते

समय : बिहान ७:०० बजे

उल्लेखित स्थान, मिति र समयमा राजापुर नगरपालिकाका नगर प्रमुख श्री दिपेश थारुज्यूको अध्यक्षतामा बसेको राजापुर नगरकार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छन् ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | दिपेश थारु | प्रमुख | अध्यक्ष | |
| २ | मनकला कुमारी चौधरी | उपप्रमुख | सदस्य | |
| ३ | बाबु राम चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ४ | राम चन्द्र चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ५ | प्रसादु थारु | वडा अध्यक्ष | सदस्य | |
| ६ | बिदुर पोखरेल | वडा अध्यक्ष | सदस्य | |
| ७ | रमेश चौधरी | वडा अध्यक्ष | सदस्य | |
| ८ | असराज न्यौपाने | वडा अध्यक्ष | सदस्य | |
| ९ | रामु थारु | वडा अध्यक्ष | सदस्य | |
| १० | राजेश थारु | वडा अध्यक्ष | सदस्य | |
| ११ | विष्णु प्रसाद थारु | वडा अध्यक्ष | सदस्य | |
| १२ | शिव लाल थारु | वडा अध्यक्ष | सदस्य | |
| १३ | शिलादेवी थारु | वडा सदस्य | सदस्य | |
| १४ | कृष्णा देवी ढुङ्गाना | वडा सदस्य | सदस्य | |
| १५ | लक्ष्मी चँदारो | वडा सदस्य | सदस्य | |
| १६ | सविता परीयार | वडा सदस्य | सदस्य | |
| १७ | शुशिला कुमारी थारु | वडा सदस्य | सदस्य | |
| १८ | त्रिलोचन सिंह | मनोनित सदस्य | सदस्य | |
| १९ | दामोदर परियार | मनोनित सदस्य | सदस्य | |
| २० | रजनी बदेनी नेपाली | मनोनित सदस्य | सदस्य | |
| २१ | दशरथ बुढा | प्रमुख प्रशासकीय अधिकृत | स. सचिव | |

CamScanner

राजापुर नगर कार्यपालिकाको आ.व. २०८२/०८३ को चौधौँ बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८३/०३/१० समय : विहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : १

| |
|---|
| **प्रस्तावको विषय :**<br>१. राजापुर नगरपालिकाको आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा ।<br>२. राजापुर नगरपालिकाको आ.व. २०८३/८४ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक सम्बन्धमा । |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७ । |
| **भएको निर्णय :**<br>१. राजापुर नगरपालिकाको आ.व. २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम माथि विस्तृत छलफल गरि पारित गर्नका लागि राजापुर नगरसभामा पेश गर्ने निर्णय गरियो ।<br>२. राजापुर नगरपालिकाको आ.व. २०८३/८४ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक माथि विस्तृत छलफल गरि स्विकृतिका लागि राजापुर नगरसभामा पेश गर्ने निर्णय गरियो । |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८३/०३/१० गते |

राजापुर नगरकार्यपालिकाको आ.व. २०८२/८३ को चौधौँ बैठकमा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय बैठक

मिति : २०८३/०३/१० समय : बिहान ७:०० बजे

बैठकको अध्यक्षता : नगर प्रमुख तथा कार्यपालिकाको अध्यक्ष श्री दिपेश थारु

प्रस्ताव नं. : २

| |
|---|
| **प्रस्तावको विषय :** आर्थिक सहयोग सम्बन्धमा। |
| **निर्णयको कानूनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७। |
| **भएको निर्णय :**<br>१. राजापुर नगरपालिका वडा नं. ४ निवासी श्री बाबुराम चौधरीले मित २०८३/०३/०८ गते दिएको निवेदनानुसार मिति २०८३/०३/०६ गते शनिबारका दिन निज बाबुराम चौधरीका छोरा नारायण चौधरीको ओखरिया इन्टेनकमा बेगारी गर्ने क्रममा कर्णाली नदीमा डुबि मृत्यु भएको र निजको परिवारको आर्थिक अवस्था एकदमै कमजोर रहेकोले निजको परिवारलाई रु. ५१,०००। (अक्षेरुपी एकाउन्न हजार रुपैया मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।<br>२. राजापुर नगरपालिकाक नगर उप-प्रमुख श्री मनकला कुमारी चौधरी ज्यु ले दिएको निवेदनानुसार निज मनकला कुमारी चौधरी ज्युले विगत ३ वर्ष देखि पेटको समस्याको कारण उपचार गराइ रहेको र हाल सर्जरी समेत भैसकेको तथा चेक-अपको लागि बारम्बार फलो-अपमा जानुपर्ने भएकोले निज मनकला कुमारी चौधरी लाई रु. २,५०,०००। (अंक्षेरुपी रु. दुई लाख पचास हजार रुपैया मात्र) उपचार खर्च स्वरुप आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो । |
| (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) बमोजिम निर्णय प्रमाणिकरण गर्ने,<br><br>नाम, थर : दशरथ बुढा<br>कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत<br>मिति : २०८३/०३/१० गते |